

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । 100% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



# पोखरापत्र

राष्ट्रिय दैनिक

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क २३२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ भदौं १७ गते सोमबार ❑ 2 Sept. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## गण्डकी प्रदेशमा एमालेलाई ४, कांग्रेंसको भागमा ५ मन्त्रालय बाडफाँड

**पोखरापत्र संवाददाता**
पोखरा, १६ भदौं



गण्डकी प्रदेशमा नेकपा एमालेलाई ४ र नेपाली कागेंसको भागमा ५ मन्त्रालय बाडफाँड हुने सहमती अनुसार ९ वटा मन्त्रालय बनाउने निर्णय भएको छ।

गण्डकी प्रदेशको आज बसेको क्याविनेट बैठकले प्रदेशमा हाल कायम रहेको ७ मन्त्रालयबाट २ मन्त्रालय थप गरी ९ मन्त्रालय पुर्‍याउने निर्णय भएको गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले आइतबार पोखरामा आयोजित पत्रकार भेटघाट कार्यक्रममा जानकारी गराउनु भएको हो । मन्त्रालय ७ वटा भए पनि संरचना भने ९ मन्त्रालयमा मन्त्री बाहेक अन्य संरचना भएकोले प्रदेशको खासै धेरै आर्थिक व्यहभार नहुने उहाँले जनाउनु भयो । वन वातावरण तथा उद्योग पर्यटन एउटा भए ता पनि उद्योग पर्यटनको संगठन छुट्टै वन वातावरणको संरचना छुट्टै कार्यालय र सचिवहरु नै छुट्टै रहेको उहाँले उल्लेख गर्नु भयो । त्यसै गरी सामाजिक बिकास तथा स्वास्थ्य मन्त्रालयमा पनि मन्त्री एक जना हुनु हुन्थो तर मन्त्रालय र सचिव छुट्टै भएकोले सामाजिक बिकास सम्बन्धि र स्वास्थ्य सम्बन्धि छुट्टै मन्त्रालय बनाउने भएको मुख्यमन्त्री पाण्डेले बताउनु भयो । अन्य प्रदेश भन्दा गण्डकी प्रदेशमा फरक भएकोले एमालेको सहमतिमा नयाँ सरकार बनाउन केही समय ढिलाई भएको उहाँले जनाउनु भयो । केन्द्रमा सत्ता गठबन्धन परिवर्तन भएको करिब २ महिना भन्दा बढी समय वित्दा पनि गण्डकी प्रदेशमा भने नयाँ गठबन्धनको सरकार बन्न सकेको छैन् । सरकारको नेतृत्व गरिरहेको नेपाली काग्रेंस र प्रतिपक्षमा रहेको नेकपा एमाले विचमा सहमती जुट्न नसक्दा नयाँ सरकार गठन हुन ढिलाई भएको हो । एमालेका संसदीय दलका नेता पोखरा बाहिर भएकोले पोखरा आउना साथ मन्त्रालय सहित मन्त्रीहरु नियुक्त गर्ने योजना रहेको मुख्यमन्त्री पाण्डेले जनाउनु भयो । हाल कायम रहनु भएको मन्त्रीहरुलाई भने नहटाउने उहाँले बताउनु भयो । कुन दलले कुन मन्त्रालय लिने भन्ने विषयमा छलफल हुन बाँकी रहेको छ । मुख्यमन्त्री पाण्डेले आफूलाई विश्वासको मत दिने नेकपा (माओवादी केन्द्र) को चुनाव चिन्ह लिएर निर्वाचित नेपाल समाजवादी पार्टीका फणिन्द्र देवकोटा र स्वतन्त्र प्रदेशसभा सदस्य राजीव गुरुङलाई समेत समेटेर सरकार पुनः गठन गर्ने उहाँको योजना रहेको छ । कागेंसकै भागबाट दुई जनालाई मन्त्री मण्डलमा समेटिने भएको हो ।

## राष्ट्रिय महिला भलिबल टोलीकी कप्तान अरुणा शाही सम्मानित

**पोखरापत्र संवाददाता**
पोखरा, १६ भदौं



गण्डकी विश्वविद्यालयले नेपाली राष्ट्रिय महिला भलिबल टोलीकी कप्तान अरुणा शाहीलाई सम्मान गरेको छ ।

आइतबार आयोजित कार्यक्रममा विश्वविद्यालयका तर्फबाट गण्डकी प्रदेशका सामाजिक विकास तथा स्वास्थ्यमन्त्री विन्दुकुमार थापाले २० हजार नगदसहित उहाँलाई सम्मान गर्नुभएको हो । हालै सम्पन्न सेन्ट्रल एसियन जोन काभा महिला भलिबल लिगमा नेपाललाई रजत पदक दिलाउन सफल राष्ट्रिय टिमका कप्तान शाही गण्डकी विश्वविद्यालयमा स्नातक तह खेलकुद व्यवस्थापन (विएसएम)मा पहिलो व्याचका छात्रासमेत हुनुहुन्छ । उहाँ हाल छैटौं सेमेस्टरमा अध्ययनरत हुनुहुन्छ । कार्यक्रममा मन्त्री थापाले नेपाली खेलकुदमा अरुणाले निरन्तर सफलता प्राप्त गरेको बतानुहुँदै नेपाली महिला खेलाडीले राष्ट्रिय र अन्तर्राष्ट्रिय खेलकुदमा गरेको उत्कृष्ट प्रदर्शनले देशको गौरव बढेको बताउनुभयो ।

विश्वविद्यालयका कुलपति प्राडा गणेशमान गुरुङले यही अध्ययनरत विद्यार्थीले देशको प्रतिनिधित्व गर्दै गौरव बढाएका खुसी व्यक्त गर्नुभयो । कप्तान शाहीले विश्वविद्यालयले गरेको सम्मानले आफूलाई थप प्रेरणा मिलेको बताउनुभयो ।

उपकुलपति प्राडा नवराज देवकोटाले नेपाली खेलकुदको विकासका लागि स्नातक तहबाटै खेलकुद विषयमा खेलाडीहरूको पहुँच होस् भन्ने उद्देश्यका साथ विएसएम विषयमा अध्यापन सुरु गरेको बताउनुभयो ।

## अब छिट्टै शिक्षा ऐन ल्याउँछौँ: शिक्षामन्त्री भट्टराई

**पोखरापत्र संवाददाता**
पोखरा, १६ भदौं



शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्यादेवी भट्टराईले सामुदायिक विद्यालयले प्रदान गर्दै आएको शिक्षालाई थप गुणस्तरीय बनाउन अब छिट्टै विद्यालय शिक्षा ऐन पारित गरी अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।

पोखरा-३३ कालिकास्थानस्थित सरस्वती टीका माध्यमिक विद्यालयको ६२औँ वार्षिकोत्सव तथा छात्रवृत्ति वितरण कार्यक्रमको आज उद्घाटन गर्नुहुँदै उहाँले सामुदायिक विद्यालय सुधारका लागि ल्याउन लागिएको ऐनमा संसद्मा छलफल भइरहेको बताउनुभयो । मन्त्री भट्टराइएले विभिन्न चुनौतीको सामना गर्दै अगाडि बढेका सामुदायिक विद्यालयलाई थप व्यवस्थित र गुणस्तरीय शिक्षा प्रदान गर्न सक्ने थलोका रूपमा विकास गर्न आफूले विद्यालय शिक्षा ऐन ल्याउन मस्यौदा तयार गर्न लागेको जानकारीसमेत दिनुभयो । "विद्यालयलाई वर्गीकरण गरी धेरै विद्यार्थी रहेका विद्यालयमा लगानी बढाउने र स्मार्ट विद्यालयका रूपमा विकास गर्ने योजना शिक्षा मन्त्रालयको छ । हाल त्यसमा काम भइरहेको छ", उहाँले भन्नुभयो, "सङ्घ सरकारको उद्देश्य स्थानीय तहलाई बलियो बनाउँदै सामुदायिक विद्यालयको गुणस्तर वृद्धि गर्नु हो । यसमा हामी सबै मिलेर अगाडि बढ्नुपर्छ ।" केही सामुदायिक विद्यालयले माध्यामिक शिक्षा परीक्षा (एसइई) तथा उच्च माविको परीक्षामा उत्कृष्ट अङ्क ल्याई सफलता प्राप्त गरेको, पछिल्लो समय अभिभावकमा पनि सामुदायिक विद्यालयप्रतिको विश्वास बढ्दै गएको उल्लेख गर्नुहुँदै मन्त्री भट्टराईले यो अवस्थामा थप सुधार ल्याउन जरुरी रहेको धारणा राख्नुभयो । प्राविधिक शिक्षाका साथै पाठ्यक्रम र सिकाइको स्तर वृद्धि गरी अनलाइन प्रणालीमार्फत पढाइलाई विकास गर्न जरुरी रहेको उहाँको भनाइ थियो । "संसद्मा छलफल भइरहेको विद्यालय शिक्षा ऐन पारित भएपछि सामुदायिक विद्यालयको शिक्षाले फड्को मार्ने छ । स्थानीय तहले सामुदायिक विद्यालयमा अनुगमन गरी विद्यालयका समस्या समाधान गर्दै गुणस्तरीय शिक्षा प्रदान गर्न सहज वातावरण सृजना गरिदिनुपर्ने आवश्यकता छ", मन्त्री भट्टराईले भन्नुभयो ।

गण्डकी प्रदेशसभा सदस्य भीम कार्कीले विद्यालयस्तरको शिक्षा निःशुल्क प्रदान गर्ने दायित्व सरकारको भएकाले त्यो दायित्व पूरा गर्नुपर्नेमा जोड दिनुभयो । पोखरा महानगरपालिका शिक्षा महाशाखाका निर्देशक हेम आचार्यले गाउँगाउँमा उच्च मावि सञ्चालन गरेर बन्द गर्नुभन्दा विद्यार्थी भएका विद्यालयले मात्र उच्च मावि खोल्नुपर्ने सुझाव दिनुभयो । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष लालुप्रसाद पराजुलीको अध्यक्षतामा भएको कार्यक्रममा प्रधानाध्यापक सूर्यराज अधिकारीले विद्यालयको शैक्षिक गतिविधिका बारेमा प्रकाश पार्नुभएको थियो । त्यस अवसरमा विभिन्न अक्षयकोषको रकमबाट एसइई तथा उच्च माविको परीक्षामा उत्कृष्ट अङ्क ल्याउने विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिएको थियो । साथै मन्त्री भट्टराईले विद्यालय हाताभित्र निर्माण गरिएको प्रतीक्षालयको उद्घाटनसमेत गर्नुभएको थियो ।

## कांग्रेस केन्द्रीय समितिद्वारा महासमिति बैठकका प्रस्ताव पारित

**रासस**
काठमाडौं, १६ भदौं

नेपाली कांग्रेस केन्द्रीय कार्यसमिति बैठकले गत फागुन ७ देखि १० गतेसम्म ललितपुरको गोदावरीमा सम्पन्न महासमितिको बैठकका विभिन्न प्रस्ताव पारित गरेको छ ।

गत साउन २३ देखि सुरु भई आज सम्पन्न केन्द्रीय समिति बैठकले उपसभापति पूर्णबहादुर खड्काद्वारा प्रस्तुत 'नीति-प्रस्ताव', महामन्त्री गगनकुमार थापाद्वारा प्रस्तुत 'साङ्गठनिक प्रस्ताव' र महामन्त्री विश्वप्रकाश शर्माद्वारा प्रस्तुत 'समसामयिक राजनैतिक प्रस्ताव' उपर महासमितिको बैठकमा बृहत् छलफलबाट प्राप्त सुझावका आधारमा आवश्यक परिमार्जन गरी प्रस्तुत परिमार्जित सर्वसम्मत पारित गरेको हो । यसैगरी, बैठकले कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले) बीच गत असार १७ गते भएको सातबुँदे सत्ता गठबन्धनको सहमतिपश्चात् 'राजनीतिक स्थायित्वका लागि संविधानमा आवश्यक संशोधन र तदनुकूलको कानुन निर्माण गर्ने विषयलाई प्राथमिकता दिने' भन्नेलगायत विषयलाई लिएर गरिएका टीका-टिप्पणी र सिर्जना गरिएका भ्रमप्रति गम्भीर



बाँकी अन्तिम पृष्ठमा ▶▶



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।



हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१


## पोखरामा तायमचा नृत्य प्रतियोगिता

**पोखरापत्र संवाददाता**
पोखरा, १६ भदौं



लेखनाथ नेवाः खलको आह्वानमा गगन नेवा खलःद्वारा आयोजित तायमचा नृत्य प्रतियोगितामा समाज कल्याण नेवाः खल पोखरा-३२ राजाको चौताराले प्रथम स्थान हासिल गरेको छ ।

शनिबार सम्पन्न प्रतियोगितामा शिशुवा नेवाः खल पोखरा-३० दोस्रो, रुपा देउराली नेवाः खल तेस्रो तथा मिलीजुली नेवाः खल पोखरा-३३ बागमाराले सान्तन्वा स्थान प्राप्त गरेका छन् । प्रतियोगितामा प्रथम, दोस्रो, तेस्रो र सान्त्वना हुनेले क्रमशः रु ४० हजार, ३० हजार, २० हजार र १० हजार नगदसहित प्रमाणपत्र प्राप्त गरेका छन् । प्रतियोगितामा उत्कृष्ट परी नृत्यमा भीमसेन नेवाः खल पोखराकी स्मारिका श्रेष्ठ पुरस्कृत बन्नुभयो भने वेशभूषामा समाज कल्याण नेवाः खल पोखरा-३२ राजाको चौतारा, उत्कृष्ट जोकरमा रुपा देउराली नेवाः खलकी सोनिसा श्रेष्ठ पुरस्कृत बन्नुभएको छ । प्रतियोगितामा विभिन्न नौवटा समूहले प्रतिष्पर्धा गरेका थिए । तायमचा नृत्यको ऐतिहासिक एवं सांस्कृतिक महत्वलाई दृष्टिगत गर्दै नाचको संरक्षण गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको गगन नेवाः खलका अध्यक्ष लिलबहादुर श्रेष्ठले बताउनुभयो ।

प्रतियोगिताको उद्घाटन गर्दै पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले हाम्रा प्राचीन संस्कार र संस्कृति पुस्तान्तरण हुनुपर्नेमा जोड दिनुभयो । नेवाः खल कास्कीका अध्यक्ष अशोक पालिखे, पोखरा महानगरपालकिा वडा नं ३२ का वडाध्यक्ष अक्कलबहादुर कार्की, गगन नेवाः खलका सचिव शरणकुमार प्रधानलगायतले तायमचाको सांस्कृतिक महत्वसँगै यसको जगेर्ना गर्नुपर्ने लगायतमा आ-आफ्ना धारणा राख्नुभएको थियो ।

# मिस मगर नेपालको सकियो ट्यालेन्ट राउण्ड

**पोखरापत्र संवाददाता**
पोखरा, १६ भदौं



सातौं संस्करणको निट डेन्टल केयर प्रिजेन्ट्स मिस मगर नेपाल-२०२४ का अन्तिम ११ प्रतिस्पर्धीले सेल्फ ट्यालेण्ट राउण्डमा आ-आफ्ना विभिन्न प्रस्तुती राखेका छन् ।

शनिबार होटल पोखरा ग्राण्डमा आयोजित सेल्फ ट्यालेण्ट राउण्ड कार्यक्रममा अधिकांशले नृत्य प्रस्तुत गरे भने केही पियानो बजाउने, अभिनय र विषयगत प्रस्तुती राखे । विभिन्न जिल्लाबाट प्रतिनिधित्व गर्दै आएका मिस मगर नेपालका प्रतियोगीले आ-आफ्ना अन्तरनिहित प्रतिभा प्रस्तुत गरेका टिम संयोजक प्रियंका गर्बुजा मगरले जानकारी दिइन् । उनका अनुसार सेल्फ ट्यालेण्ट राउण्डको निर्णायकमा राहुल थापा मगर, जसु गरुङ र थमनसिंह थापा मगर रहनुभएको थियो ।

कार्यक्रमको उद्घाटन गर्दै गण्डकी प्रदेश प्रहरी प्रमुख प्रहरी नायब महानिरीक्षक दुर्गा सिंह चन्दले अहिलेका युवा पुस्तालाई विदेश पलायन हुने सपना नदेख्न सुझाव दिनुभयो ।

आफ्नै देशमा बसेर केही गर्ने सोंच बनाउनुपर्ने आवश्यकता औंल्याउँदै उहाँले पैसालाई मात्रै सबैथोक ठान्न नहुने धारणा व्यक्त गर्नुभयो । आफ्नो मातृभाषा, संस्कार, संस्कृतिबारे युवा पुस्तालाई सचेत बनाउने उद्देश्यले मिस मगरको आयोजना गरेकोमा खुशी लागेको जनाउँदै प्रहरी नायब महानिरीक्षक चन्दले मगर समुदायलाई नीति निर्माण तहमा पुऱ्याउन स्वदेशमै बस्ने वातावरण बनाउनुपर्ने र महिलाहरु उद्यमशिलता तिर अग्रसर हुनुपर्नेमा जोड दिनुभयो । उहाँले उक्त कार्यक्रमले महिला सशक्तिकरणलाई टेवा पुग्नेसमेत बताउनुभएको थियो । यस्तै नेपाल मगर संघका केन्द्रीय सल्लाहकार एवं युवा नेता बालकृष्ण काउछाले मगर समुदायको पहिचानलाई स्थापित गर्न यस्ता कार्यक्रमले सहयोग पुग्ने बताउँदै युवा पुस्तामा आफ्नो पहिचानप्रति चासो जगाउनुपर्ने आवश्यकता औंल्याउनुभयो । नेपाल मगर संघ, कास्कीका अध्यक्ष राम बहादुर थापाले मिस मगर नेपालको माध्यम बाट मगर जातीको भाषा, भेषभुषा, संस्कार र संस्कृतिलाई चिनाउन महत्वपुर्ण भुमिका खेलेको र प्रतियोगीहरूलाई देशको नेतृत्व गर्ने जनशक्ति बन्ने गरी अघि बढ्न शुभकामना दिदै मगर समुदायको हितमा हुने कार्यका लागि नेपाल मगर संघ सधैं साथमा रहेको धारणा व्यक्त गर्नुभयो । कार्यक्रममा मिस मगर नेपालका कार्यक्रम संयोजक रुद्र श्रीसले कार्यक्रमका बारेमा प्रकाश पार्दै स्वागत मन्तब्य गर्नुभएको थियो । एम बी आश्थाको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन मिस मगर नेपाल २०२२ की थर्ड रनरअप तथा टिम संयोजक प्रियंका गर्बुजाले गर्नुभएको थियो । "मगर भाषा, संस्कृतिको उत्थान, प्रतिभाको प्रस्फुटन, हाम्रो अभियान" भन्ने मूल नाराका साथ एसटी क्रियशनद्वारा आयोजित सातौं संस्करणको मिस मगर नेपालको ग्राण्ड फिनाले भने यही भाद्र २२ गते होटल पोखरा ग्राण्डीमै भब्य साँस्कृतिक कार्यक्रमसहित हुने कार्यक्रम निर्देशक सुरज थापाले जानकारी दिनुभयो । कार्यक्रमलाई निट डेन्टल केयर प्रा.लि. आइवा एजुकेशन कन्सलटेन्सी, लिटल पोखरा ट्राभल्स एण्ड ट्रेकिङ्ग प्रा.लि, युमे जापानिज ल्याङ्वयेज, सोल फेशन, परिचय एड्भटाईजिङ्ग, त्रिपुरा लाउन्च, मुग्लान रेण्टुरेन्ट आदीको सहयोग रहेको छ । अन्तिम प्रतिस्पर्धाको उत्कृष्ट ११ प्रतियोगिहरुले करिब एक महिना सम्म सिकेका कुराहरुलाई ग्राण्ड फिनालेमा प्रस्तुत गर्दैछन् ।

सुस्मिता पुन, बिनु राना, दिवा पाईजा, कबिता थापा, दिक्षा थापा र उमा पुनको कोरियोग्राफी रहने मिस मगर नेपाल २०२४ को अन्तिम प्रतिस्पर्धीका रुपमा दिपिका आले (रामेछाप) आशिका गर्बुजा (बेगखोला, म्याग्दी), अनुजा पुन (तंग्राम, बाग्लुङ) नरिशा पुन (मुदी, म्याग्दी), सरिता थापा (मन्थली, रामेछाप), माया दर्लामी (वालिङ, स्याङ्जा), रश्मि आले (गौशाला, महोत्तरी), जानकी राजकोटी (बर्दीबास, महोत्तरी), अश्मिता बुढा (जेल्बाङ, रोल्पा), कृष्टीना पुन (दग्नाम, म्याग्दी) र जेरुशा सारु (काठमाण्डौं) रहेका छन् ।

कार्यक्रमको मिडिया पार्टनरमा फेवा टेलिभिजन, सुनगाभा न्यूज र सोसल मिडिया पार्टनरमा मगर संसार फोटो ग्यालरी रहेको छ ।

# ज्येष्ठ नागरिकलाई सहज र सरल सेवा आजको आवश्यकता : मन्त्री थापा

**पोखरापत्र संवाददाता**
पोखरा, १६ भदौं



गण्डकी प्रदेश सरकारका सामाजिक विकास तथा स्वास्थ्य मन्त्री विन्दु कुमार थापाले ज्येष्ठ नागरिकलाई सहज र सरल सेवा उपलब्ध गराउनु आजको आवश्यकता भएको बताएका छन् ।

जिल्ला प्रशासन कार्यालयले आइतबारबाट स्थापना गरेको ज्येष्ठ नागरिक विश्राम कक्ष एवम् स्वास्थ्य सहायता केन्द्रको स्थापना कार्यक्रममा बोल्दै मन्त्री थापाले यस्तो बताएका हुन् ।

जिल्ला प्रशासन कार्यालय कास्कीले ज्येष्ठ नागरिकलाई लक्षित गर्दै स्थापना गरेको स्वास्थ्य सहायत केन्द्र प्रभावकारी हुनेमा उनी विश्वस्त छन् । गण्डकीको स्वास्थ्य मन्त्रालयले स्टाफ नर्स, बेड र निशुल्क औषधि उपलब्ध गराएको जानकारी समेत मन्त्री थापाले दिएका छन् । ज्येष्ठ नागरिक समाजको ऐना भएको उल्लेख गर्दै उनीहरुको सेवामा समर्पित हुनु सरकारको कर्तव्य भएको भनाई उनको छ । प्रदेश सरकार पनि ज्येष्ठ नागरिक मैत्री कानून निर्माणमा सचेत भएको उनले उल्लेख गरेका छन् ।

जिल्ला प्रशासन कार्यालय कास्कीका प्रमुख भरतमणी पाण्डेले कार्यालयमा ज्येष्ठ नागरिकको भीड देखेर उनीहरुको स्वास्थ्य सुरक्षाका लागि सहायता केन्द्रको स्थापना गरिएको बताए । खासगरी राष्ट्रिय परिचय लिन आएका ज्येष्ठ नागरिकको भीड हुन थालेपछि कार्यालयले विश्राम कक्षको व्यवस्था गरेको हो । प्रशासन कार्यालयले सेवाग्राहीलाई विश्राम कक्षमा नै पुगेर सेवा प्रवाह गर्ने गरी काम गरिने उनले बताए । ज्येष्ठ नागरिकहरुलाई लाइन लाग्ने वातावरण नबनाउन तर्फ सचेत भएको भनाई उनको छ ।

# सार्दिखोला पोखरा सम्पर्क समितिको चेलीबेटी भेटघाट

**पोखरापत्र संवाददाता**
पोखरा, १६ भदौं




सार्दिखोला पोखरा सम्पर्क समितिले पोखरामा बस्ने चेलीबेटीलाई दर खुवाएको छ ।

सम्पर्क समितिले हरेक वर्ष सार्दिखोलाका पोखरा महानगरमा बसोबास गर्ने चेलीबेटीलाई तीजको बेला दर खुवाउने गरेको छ । आइतबार भएको चेलीबेटी भेटघाट तथा दर खुवाउने कार्यक्रममा नाचगान सहित रमाइलो गरिएको थियो । माछापुच्छे गाउँपालिकाका अध्यक्ष मीन बहादुर गुरुङले कार्यक्रमको उद्घाटन गर्दै चेलीबेटीलाई एकै थलोमा जम्मा भएर रमाइलो गर्ने र हाम्रो मौलिक संस्कृतिलाई जोगाउने काम गरेकोमा खुशी व्यक्त गरे । उच्च अदालतका पुर्व न्यायाधीश विनोद मोहन आचार्यले सम्पर्क समितिले माइतीको भुमिका निभाएर प्रशंसनीय काम गरेको बताए । माछापुच्छ्रे गाउँपालिकाका प्रबक्ता एवं वडा नं २ का वडाध्यक्ष गणेश आचार्यले सार्दिखोलाको विकासमा सम्पर्क समितिले हातेमालो गर्दै आएको र सबै चेलीबेटीाई एकै ठाउँमा जमघट गराएर माइतीजस्तै बनेको विचार राखे । सम्पर्क समितिका अध्यक्ष बम बहादुर गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा सल्लाहकार मित्रलाल आचार्य, सचिव अनिल गुरुङले सार्दिखोला सम्पर्क समितिले गर्दै आएको गतिविधि र तीजको मौलिक पर्वको बारेमा चर्चा गरेका थिए । कार्यक्रममा सहभागी चेलीबेटीलाई उपहार प्रदान गरिएको थियो ।

# अनुदान कार्यक्रमले पशुपालन किसान उत्साहित

**पोखरापत्र संवाददाता**
तनहुँ, १६ भदौं

जिल्लको भानु नगरपालिकाले पशुपालन किसानलाई अनुदानको व्यवस्था गरेपछि यहाँका किसान उत्साहित भएर पशुपालन व्यवसायमा लागेका छन् ।

गत आर्थिक वर्षमा घाँसखेती विस्तार कार्यक्रमअन्तर्गत प्रतिरोपनी रु तीन हजारका दरले ३७ जना किसानलाई अनुदान दिएपछि व्यावसायिक पशुपालनमा किसान आकर्षित भएका हुन् ।

नगरपालिकाले घाँसखेतीका साथ पशुपालन गर्दै आएका किसानलाई अनुदान रकम प्रदान गरेको पशु विकास शाखाका प्राविधिक अमित ढुङ्गानाले बताउनुभयो । उहाँका अनुसार किसानले कुल एक सय ८५ रोपनी क्षेत्रफलमा घाँसखेती गरेबापत रु पाँच लाख ५५ हजार अनुदान प्रदान गरिएको छ ।

"पछिल्लो समय किसानले घाँसखेतीसँगै पशुपालन व्यवसायलाई वृद्धि गर्दै लान थालेका छन्", उहाँले भन्नुभयो, "नगरपालिकालाई मासुमा आत्मनिर्भर बनाउने उद्देश्यले किसानलाई उत्प्रेरण गर्ने काम भइरहेको छ ।"

नगरपालिकाको पशु विकास शाखाले वार्षिक कार्यक्रमअन्तर्गत घाँसखेती गर्ने, दुग्ध उत्पादन गर्ने र मासुका लागि पशुपालन गर्ने किसानलाई प्रोत्साहनस्वरुप अनुदान दिएको हो । "घाँसखेती विस्तार कार्यक्रमअन्तर्गत कृषकले नयाँ प्रजातिका डाले तथा भुइँ घाँस विस्तार गरेका छन्", ढुङ्गानाले भन्नुभयो, "यस कार्यक्रमले पशुपालन क्षेत्रमा घाँसको परिपूर्ति गरी उत्पादन लागतमा कमी ल्याउने योजना छ ।"

त्यसैगरी नगरपालिकाले दुग्ध उत्पादनका आधारमा अनुदान वितरण कार्य थालेको छ । उत्पादनका आधारमा अनुदान दिन थालेपछि किसान प्रतिस्पर्धाका साथै उत्साहित भएर उत्पादन गर्न लागेका छन् । नगरभित्रका दुई वटा दुग्ध उत्पादन सहकारीमार्फत रु चार लाख २० हजार रकम अनुदान दिएको प्रमुख प्रशासकीय अधिकृत दिवाकर पौडेलले बताउनुभयो । उहाँका अनुसार उत्पादनका आधारमा प्रदान गरिएको अनुदानले किसानलाई हौसला प्रदान गरेको छ । उहाँले भन्नुभयो, "किसानलाई प्रतिलिटर रु तीनका दरले अनुदान दिइएको छ ।" नगरप्रमुख आनन्द त्रिपाठीले किसानलाई पशुपालनतर्फ आकर्षित गर्न र नगरलाई दूध तथा मासुमा आत्मनिर्भर बनाउने उद्देश्यले अनुदान उपलब्ध गराइएको बताउनुभयो ।

# सार्वजनिक बिदामा पनि अस्पतालको बहिरङ्ग सेवा सञ्चालन गर्न निर्देशन

**रासस**
काठमाडौं, १६ भदौं

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयलाई सार्वजनिक बिदाको दिनमा पनि अस्पतालको बहिरङ्ग सेवा सञ्चालन गर्न निर्देशन दिएको छ ।

कार्यालयका सहसचिव हीरामणि शर्माले मन्त्रालयलाई केही दिनअघि पत्र लेख्दै सार्वजनिक बिदाको दिनमा अस्पतालले बहिरङ्ग सेवासहित सबै प्रकारका सेवा प्रवाह गर्न निर्देशन दिनुभएको हो ।

उहाँले गृह मन्त्रालयले जारी गरेको सूचना १ को सार्वजनिक बिदासम्बन्धी प्रकाशित राजपत्रको सूचनामा सार्वजनिक सेवा प्रवाहसम्बन्धी विशेष व्यवस्थाको उपप्रकरण १०.१ को खण्ड (न) मा भएको व्यवस्था अनुसार निर्देशन जारी गरिएको पत्रमा उल्लेख गर्नुभएको छ ।

सूचनामा सबै प्रकारका अस्पतालबाट प्रवाह हुने स्वास्थ्यसम्बन्धी सेवा (बहिरङ्ग सेवासमेत) सार्वजनिक बिदाको दिनमा सञ्चालन गर्नुपर्ने उल्लेख छ । अधिकाङ्श निकायबाट स्वास्थ्यसम्बन्धी सेवा प्रवाह भएको नपाइएको भन्ने जनगुनासो आएको हुँदा सार्वजनिक दिनमा पनि सेवा प्रवाह गर्न भनिएको जनाइएको छ । मन्त्रिपरिषद् कार्यालयले गृहमन्त्रालयलाई सेवा प्रवाह गर्ने गराउने व्यवस्थाका लागि आवश्यक समन्वय र अनुगमन गर्न समेत अनुरोध गरेको छ ।

# कांग्रेस ...

ध्यानाकर्षण भएको जनाएको छ ।

सातबुँदे सहमति राष्ट्रिय हितको रक्षा गर्न, भ्रष्टाचार नियन्त्रण गरी देशमा सुशासन कायम गर्न, विकास निर्माणको अभियानलाई तीव्रता दिन, राजनीतिक स्थिरता कायम गर्न, संविधानको अभ्यासको समीक्षा गरी सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था र समानुपातिक समावेशी प्रतिनिधित्वलाई सुदृढ गर्नेगरी संविधान संशोधन गर्ने उद्देश्य प्राप्तिका लागि हो भन्नेमा कांग्रेसले प्रस्ट रहेको बैठकले ठहर गरेको छ ।

उक्त सहमतिलाई कार्यान्वयन गर्न बैठकले पुनः दृढता व्यक्त गरेको कांग्रेस मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिनुभयो । कांग्रेसले आफ्नै नेतृत्वमा बनेको सङ्घीय समावेशी लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानको स्वामित्व र यसको रक्षा एवं कार्यान्वयनको मूल दायित्व कांग्रेसको नै हो भन्ने कुरालाई हृदयङ्गम गर्दै संविधान संशोधन गर्दा यसको कार्यान्वयनमा देखिएका चुनौती र जटिलताको समीक्षा गरिने उल्लेख गरेको छ । साथै सङ्घीय समावेशी लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरण र वास्तविक रूपमा संविधानको मर्मबमोजिम सबै जाति, भाषा, लिङ्ग, धर्म, क्षेत्र, समुदाय, वर्गको समानुपातिक समावेशी प्रतिनिधित्वको सुनिश्चितता गर्नेगरी कांग्रेसले सघन छलफल गर्नेछ र त्यसको पहलकदमी कांग्रेसले लिने बैठकको निर्णय छ । सङ्घीय समावेशी लोकतान्त्रिक गणतन्त्र संस्थागत गर्न निर्माण र परिमार्जन गर्न बाँकी रहेका कानुनहरूको प्रक्रिया अविलम्ब प्रारम्भ गर्न कांग्रेसले आफ्नो स्पष्ट दृष्टिकोण र प्रतिबद्धता दोहोऱ्याउँदै त्यसमा अग्रसरता लिने निर्णय गरेको छ । बैठकले यस सन्दर्भमा कुनै पनि भ्रममा नपर्न र राजनीतिक सङ्कट सिर्जना गरेर मुलुकलाई पछाडि धकेल्न उद्यत संविधान विरोधी प्रवृत्तिबाट हमेसा सचेत रहन आम नेपाली जनता, सम्पूर्ण सरोकार राख्ने समूह, समुदाय र राजनीतिक दलहरूलाई विशेष आग्रह गरेको छ । यसैगरी, बैठकले महासमिति बैठकमा विधानसँग सम्बन्धित विषयमा प्राप्त सुझाव तथा पार्टीको तहगत सङ्गठनात्मक संरचनालाई कार्यमूलक बनाउनेलगायत विधानसँग जोडिएका विभिन्न विषयमा सघन छलफल एवं सुझाव सङ्कलन गरी विधानमा समयानुकूल संशोधन र परिमार्जनका लागि मस्यौदा तयार गर्न 'विधान संशोधन मस्यौदा समिति' गठन गर्ने निर्णय गरेको छ । समितिका संयोजक र सदस्य आवश्यक परामर्श गरी चयन गर्न पार्टी सभापतिलाई अधिकार प्रदान गरिएको छ ।


कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

## सम्पादकीय

# महासमिति बैठकको निर्णय पाँच महिनापछि अनुमोदन

नेपाली कांग्रेस केन्द्रीय कार्यसमिति बैठकले गठबन्धनमा खटपट ल्याउने गरि गत फागुनमा महासमितिमा पेस भएका तीन वटै प्रस्ताव पारित गर्ने निर्णय गरेको छ । गत फागुनमा काठमाडौंमा भएको काङ्ग्रेस महासमिति बैठकमा उपसभापति पूर्णबहादुर खड्काले पेस गरेको नीति, महामन्त्री गगन थापाले पेस गरेको सांगठनिक र अर्का महामन्त्री विश्वप्रकाश शर्माले पेस गरेको समसामयिक राजनीति प्रस्ताव परिमार्जनसहित आइतबारको केन्द्रीय समिति बैठकबाट पारित भएको हो ।

गत फागुन १० गते सकिएको महासमिति बैठकले महासमिति सदस्यहरूका सुझावसहित तीनवटै प्रस्ताव केन्द्रीय समितिबाट अनुमोदनको निर्णय गरेको थियो । काङ्ग्रेस महासमिति बैठकपछि सत्ता गठबन्धनका प्रधानमन्त्री पुष्प कमल दाहाल प्रचण्डले सार्वजनिक रुपमै असन्तुष्टि जनाएका थिए । काङ्ग्रेस महासमिति बैठकपछि काङ्ग्रेससंगको सहकार्य तोडेर प्रचण्डले नेकपा एमालेसंग समिकरण गरेका थिए । काङ्ग्रेस महासमितिमा पेश भएर निर्णय भएको पाँच महिनापछि प्रस्तावहरू कांग्रेसले पारित गरेको हो । महासमिति बैठकले गरेका निर्णय केन्द्रीय समितिको बैठकले निर्णय गर्नुपर्ने भएको हुँदा पाँच महिना लागेको छ ।

काङ्ग्रेस प्रवक्ता प्रकाशशरण महतले उपसभापति, महामन्त्रीद्वयले महासमितिमा राखेका प्रस्ताव केन्द्रीय समितिले परिमार्जनसहित पारित गरेको जानकारी दिएका छन । कांग्रेसको संगठन सुदृढीकरणका लागि अभियान सञ्चालन गर्ने केन्द्रीय समितिले निर्णय गरेको प्रबक्ताको भनाइ छ । क्रियाशील सदस्यता वितरण र नवीकरण अघि बढाउने निर्णय पनि भएको प्रवक्ता महतको भनाइ छ । काङ्ग्रेस एक्लै चुनाव लडेर जित्नका लागि संगठन चाहिन्छ ।बलियो संगठन र जुझारु कार्यकर्ता भए मात्र अपेक्षित परिणाम आउन सक्छ । त्यसका लागि कार्यकर्ता पङ्क्तिमा उत्साह ल्याउन महामन्त्री थापाले प्रस्ताव पेश गरेका हुन । अहिलेको निर्वाचन प्रणाली र काङ्ग्रेसको सांगठनिक अवस्था हेर्दा एक्लै बहुमत ल्याउने तागत देखिदैन ।

'पार्टी संगठनलाई बलियो बनाएर एक्लै जित्न सक्ने परिस्थिति बनाउने गरी निर्णय गरिएको छ । काङ्ग्रेस कार्यकर्ता दुई पटक सकृय हुन्छन । पहिलो पार्टीको अधिवेशन आन्तरिक चुनावमा 'र आम निर्वाचनमा सबै सकृय हुन्छन । काङ्ग्रेसले बेला मौकामा गर्ने कार्यक्रम र अभियानमा खासै सकृयता देखिदैन ।पार्टी पङ्क्ति सकृय बनाउन विधानअनुसार १५ औं महाधिवेशन समयमै गर्ने गरी अघि बढ्ने भन्ने कुरा भएको छ । महामन्त्री गगन थापाले चुनाव अघि गठबन्धन नगर्ने र समयमै महाधिवेशन गर्ने प्रस्ताव केही परिमार्जन गरेर पारित भएको छ । प्रबक्ता महतका अनुसार महामन्त्री शर्माले पेस गरेको प्रस्तावको व्यक्ति बहिर्गमन व्यवस्थाबारे छलफल गर्दै जाने कुरा भएको छ। 'एक्जिट पोलिसीबारे अहिले नै निर्णय गरेर जानुपर्ने अवस्था केन्द्रीय समितिले देखेको छैन ।

सबैले पालो पाउने प्रस्ताव संसदीय प्रणाली र संविधान र कानुन अनुसार छैन ।नयाँ पार्टीले उठाएका एजेन्डालाई खोस्न बहिर्गमन प्रस्ताव आएको हो ।यी अहिल्यै काङ्ग्रेस एक्लैले निर्णय गरेर पुग्दैन ।' यसबारे विधान र संविधान संशोधनका बेला बहस हुन सक्छ।काङ्ग्रेस महामन्त्रीका पनि लोकरिझ्याईं गर्ने शैलीले गर्दा नेतृत्वले फकाउने र गलाउने नीति अपनाएको छ । काङ्ग्रेस केन्द्रीय समितिमा सभापति शेर बहादुर देउवाको पकड रहेको भए पनि सबैले जितेको अनुभूति गर्न पाउन भनी फकाउने र गलाउने नीति रहेको छ।लामो बहस र पटकपटकको अनौपचारिक शिर्ष नेताहरुको छलफलपछि सहमतिमा प्रस्ताव पारित भएका हुन । काङ्ग्रेस एक्लैले गर्ने काम पनि स्थानीय सहयोगी भएर मात्र संभव छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : अप्रत्यसित लाभ |
| वृष | : झमेला बढ्ने | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : कार्यमा सफलता | धनु | : आर्थिक समस्या |
| कर्कट | : शुभ यात्रा | मकर | : शारीरिक झमेला |
| सिंह | : स्वास्थ्यमा सुधार | कुम्भ | : मानसिक तनाब |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : ब्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# पोखरा २० भलाम-मौजामा वडास्तरीय तीजगीत प्रतियोगिता हुने

**पोखरापत्र संवाददाता**
पोखरा, १६ भदौं

पोखरा महानगरपालिका वडा नं. २० भलाम मौजाले यस वर्ष पनि नेपाली महिलाहरुको महान पर्व हरितालिका तीज पर्वको अवसर पारेर वडास्तरीय तीज गीत प्रतियोगिता गर्ने भएको छ ।

भदौ १९ गते आयोजना हुने उक्त प्रतियोगितामा वडाको पहिचान हुने खालको गीत तयार गरी भदौ १८ गतेसम्म आफ्नो टीम दर्ता गराउनका लागि वडा नं. २० को कार्यालयले वडाबासीलाई अनुरोध समेत गरेको छ । उक्त दिन वडाले महिला दिदी बहिनीहरुलाई दरखाने कार्यक्रम समेत राखेको वडा अध्इक्ष गंगा बहादुर खत्रीले बताउनुभयो । पोखरा महानगरपालिका वडा नं. २० ले भौतिक विकाससँगसगै विविध कार्यक्रमहरुको आयोजना मार्फत सामुदायिक चेतना बढाउन पनि आफ्नो भूमिका निर्वाह गर्दै आएको छ । यस्तै क्रियाशीलताको बिच विगतका वर्षहरुमा झै यस वर्ष पनि तीजगीत प्रतियोगिता गर्न लागिएको वडाअध्यक्ष खत्रीले जानकारी दिनुभयो । यस्ता कार्यक्रमहरुले समुदायलाई सांस्कृतिक रुपमा एकजुट गर्न मात्र होइन स्थानीय प्रतिभाको सम्मान र प्रोत्साहन गर्न महत्वपूर्ण भूमिका खेल्ने वडा सचिव हरिकृष्ण आचार्यले बताउनुभयो । प्रतियोगिता भदौ १९ गते वडा कार्यालय परिसयमा संचालन हुनेछ । तीजगीत प्रतियोगितामा ९ वटा विधामा पुरस्कार प्रदान गरिने संयोजक वडा सदस्य मिना पौडेलले जानकारी दिनुभयो । जसअन्तर्गत प्रथम पुरस्कार १२ हजार, दोस्रो पुरस्कार १० हजार, तृतीय पुरस्कार ८ हजार र सान्त्वना पुरस्कार २ टीमलाई ३/३ हजार, उत्कृष्ट नृत्यको लागि ३ हजार, उत्कृष्ट भेषभूषा ३ हजार र उत्कृष्ट शब्द, विन्यास लयलाई ३ हजार नगद पुरस्कार तथा प्रमाणपत्र प्रदान गरिने संयोजक पौडेलले जानकारी दिनुभयो ।

# सामुदायिक सेवा केन्द्र वगरमा तीजको शुभकामना आदान प्रदान

**पोखरापत्र संवाददाता**
पोखरा, १६ भदौं

सामुदायिक सेवा केन्द्र एवम् सामुदायिक प्रहरी सेवा पोखरा-१ वगरले नारीहरुको तीजको अवसरमा शुभकामना आदान प्रदान कार्यक्रम गरेको छ ।

विकृति विसंगती रहित समाज निर्माण हाम्रो अभियान भन्ने उद्देश्यका साथ स्थापना भएको संस्थाले पछिल्लो समयमा तीजमा हुने विकृति विसंगती हटाउनका लागि सवैलाई अनुरोध गरेको छ । उक्त अवसरमा संस्थामा आवद्ध महिला सदस्य र यस वरपरका आम समूहको उल्लेख्य सहभागिता रहेको थियो ।

कार्यक्रममा ज्येष्ठ नागरीक झलक माँया पराजुलीले गीत गाएर कार्यक्रमको शुभारम्भ गर्नुभएको थियो । उक्त अवसरमा उहाँलाई संस्थाका अध्यक्ष रामप्रसाद अधिकारी र पोखरा महानगर पालिका वडा नं. १ का वडा अध्यक्ष साहारा प्रधानले दोसल्ला ओढाई सम्मान गर्नुभएको थियो । त्यसै अवसरमा हालै सम्पन्न सामुदायिक सेवा केन्द्र एवम् सामुदायिक प्रहरी सेवा लेखनाथाको अधिवेशनबाट अध्यक्षमा निर्वाचित हुनभएको गंगा खनाललाई वधाई ज्ञापन गरिएको थियो । उक्त कार्यक्रममा संस्थाका आजिवन सदस्य चिजकाजी गुरुङले उत्कृष्ट नृत्य गर्ने चार जनालाई पुरस्कार प्रदान गर्नुभएको थियो । कार्यक्रममा बोल्दै पोखरा महानगर पालिका वडा नं. १ का वडा अध्यक्ष साहारा प्रधानले नेपालीका हरेक पर्वमा आफ्नै संस्कृति रहेको बताउँदै आफ्नो संस्कृतिलाई विकृती नबनाउन आग्रह गर्नुभयो ।

सामुदायिक सेवा केन्द्र एवम् सामुदायिक प्रहरी सेवा पोखरा-१ वगरका अध्यक्ष रामप्रसाद अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा सामुदायिक सेवा जिल्ला समन्वय समितिका अध्यक्ष भीम पराजुली, सामुदायिक सेवा केन्द्र वगरका पूर्व अध्यक्ष पुरुषोत्तम श्रेष्ठ, पूर्व अध्यक्ष जीवन अधिकारी, सामुदायिक सेवा केन्द्र लेखनाथकी अध्यक्ष गंगा खनाल, मैदान आम समूहकी मनु वस्नेत, सामदुायिक सेवा केन्द्र वगरकी सदस्य कार्यक्रम संयोजक राधा बराल र सचिव शिवराज अधिकारीले बोल्नुभएको थियो ।

# कलश सहकारीको १३ औं साधारणसभा

**पोखरापत्र संवाददाता**
पोखरा, १६ भदौं

पोखरा महानगरपालिका वडा नम्बर ८ न्युरोडमा अवस्थित कलश बचत तथा ऋण सहकारी संस्था लि. को १३ औं साधारणसभा सम्पन्न भएको छ ।

साधारण सभाको उद्घाटन पोखरा महानगरपालिका वडा नम्बर २४ का सदस्य कृष्ण सुबेदीले गर्नुभएको थियो । कार्यक्रममा उहाँले केही सहकारीमा आएको समस्याका कारण समग्र सहकारी क्षेत्रलाई अप्ठेरो परेको सुनाउनुभयो । उहाँले सहकारीले सामाजिक क्षेत्रको उत्थानका लागि सहकार्य गर्न जरुरी रहेको बताउनुभयो । संस्थाका अध्यक्ष सुदीप अधिकारीले अर्थतन्त्र शिथिल भएको अवस्थामा सानो सानो पुंजी पनि आफ्नै सहकारीबाट कारोबार गर्ने बानीको विकास गर्न शेयर सदस्यहरुलाई आह्वान गर्नुभयो । उहाँले सहकारीको आर्थिक कारोबारलाई पारदर्शी र विश्वसनिय ढंगले अगाडी बढाउँदै शेयर सदस्यका हितको लागि कार्य गर्ने प्रतिबद्धता जनाउनुभयो । कार्यक्रममा संस्थाका सल्लाहकार होमराज भट्टराई, नवराज सुबेदी, दुर्गादत्त पौडेल, संस्थाका उपाध्यक्ष मधु सुबेदी, सम्मानित शेयर सदस्य राजेन्द्र इटानी लगायतले बोल्नुभएको थियो ।

साधारण सभामा सहकारीका अध्यक्ष सुदीप अधिकारी, सचिव रुपकराज मिश्र, कोषाध्यक्ष एकराज गिरी, लेखा सुपरिवेक्षण समिती संयोजक विजेन्द्र शमौ पौडेल लगायतले आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै सहकारीलाई थप सुदृढ बनाउने योजना प्रस्तुत गर्नुभएको थियो । उक्त समारोहमा गत आर्थिक बर्ष भरि उत्कृष्ट कारोबार गर्ने शेयर सदस्यहरु राजेन्द्र इटानी र आरती केसीलाई सम्मान गरिएको थियो । संस्थाका अध्यक्ष सुदीप अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत उपाध्यक्ष एवम कार्यक्रम संयोजक मधु सुबेदीले गर्नुभएको थियो । स्वागत नृत्य संस्कृति अधिकारीले गर्नुभएको थियो । कार्यक्रमको संचालन सन्जय मल्लले गर्नुभएको थियो ।

# ठूलाडिही–पोखरा सम्पर्क मञ्चको भेटघाट कार्यक्रम

**पोखरापत्र संवाददाता**
स्याङ्जा, १६ भदौं

स्याङ्जा जिल्लाको पुतलीबजार नगरपालिका-७, ठूलाडिहीबाट पोखरामा आई बसोबास गर्ने सम्पूर्ण बन्धुको भेटघाट तथा पुनर्मिलन कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रमका प्रमुख व्यक्तित्व प्रदेश सभा सदस्य सीता सुन्दासले ठूलाडिहीको माटोबाट आर्जन गरेको सभ्यता र संस्कारको अनुशरण गर्दै अगाडि बढ्नु वर्तमानको आवश्यकता भएको बताइन् । महिलाहरुको पर्व हरितालिका तीजका सन्दर्भमा प्रकाश पार्दै सुन्दासले तीज पर्वले बोकेको सन्देश र महिला मुक्तिको आन्दोलनलाई नजर अन्दाज गरेर विकृत तुल्याउन लागेकोमा चिन्तासमेत व्यक्ति गरिन् । उनले थपिन्- 'मञ्चको कार्यक्रमले स्कुले जीवनका गुरुदेखि साथीहरू, घाँसदाउरा-मेलापातमा हिँडेका प्रियजनसँगै बालापनका दिनको स्मरण गराएको छ ।'

वरिष्ठ अधिवक्ता सुरेन्द्र थापा मगरले मञ्चले महिलाहरूको महान् पर्व तीजको पूर्वसन्ध्यामा ठूलाडिहीवासी दिदीबहिनी-दाजुभाइ बीच बन्धुत्वको भावना विकासमा टेवा पुऱ्याउँदै आएको बताए । उनले बन्धुत्व बीचको एकताले व्यक्तित्व मात्र नभएर समुदाय एवम् राज्यमा समृद्धि र सुशासन कायममासमेत योगदान पुग्ने धारणा राखे । संस्थाका अध्यक्ष दुर्गाबहादुर शाह बाबाले एकतामा हुने बलको सदुपयोगका लागि मञ्च क्रियाशील रहँदै आएको जानकारी दिए । उनले हरेक स्थानको आफ्नो मौलिक पहिचान हुने भएकाले त्यसलाई जीवन्तता दिन मञ्च ठूलाडिहीको पहिचान झल्कने पुस्तक प्रकाशनको तयारीमा रहेका जानकारी दिँदै सम्पूर्णलाई साथ दिन पनि आग्रह गरे । सचिव हरि नेपालले विभिन्न भेगमा छरिएका दाजुभाइ दिदीबहिनीबीच आत्मियता जगाउन मञ्चले वार्षिक कार्यक्रमका रूपमा दिदीबहिनी भेटघाट तथा पुनर्मिलन कार्यक्रम आयोजना गरेको बताए । कार्यक्रम संयोजक चेतबहादुर कार्की चेतनले ठूलाडिहीबाट पोखरा झरेका बन्धु बीचको एकतालाई जीवन्त तुल्याउन मञ्च क्रियाशील रहेको बताए । रुद्र रेग्मीले साहित्यिक प्रस्तुतिसहित मञ्चमा आवद्ध हुने अवसर नपाएका ठूलाडिहीबासीलाई क्रमशः जोड्दै लैजाने धारणा राखे । सो अवसरमा कार्यक्रम संयोजक चेतन कार्कीलाई संयोजनकारी भूमिकामा रहेर पुऱ्याएको योगदानको कदर गर्दै प्रशंसापत्र प्रदान गरिएको थियो ।

## पोखरा महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## न्यूरोड, पोखरा

# सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८१/०५/१७**

पोखरा महानगरपालिकामा आ व २०८१/८२ मा रोजगार प्रवर्द्धन कार्यक्रम संचालनको लागि तपसिल बमोजिमका जनशक्ति करार सेवामा लिनुपर्ने भएकोले इच्छुक अनुभवी नेपाली नागरिकहरु सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र. सं. | विज्ञापन नम्बर | पद | माग संख्या | योग्यता |
|---|---|---|---|---|
| १ | ०१-०८१/०८२ | जिल्ला कार्यक्रम संयोजक (अधिकृत स्तर छैठौ वा सो सरह) | १ जना | -मानविकी तथा सामाजिक संकाय, व्यवस्थापन, कानुन वा सम्बन्धित अन्य विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण भएको, कार्यक्रम व्यवस्थापन तथा संचालनमा ३ वर्षको कार्यानुभव भएको<br>-कम्प्युटर सम्बन्धी ज्ञानका साथै MS Office (Word, Excel, PowerPoint) Outlook, Email, Internet, KOBO Tool सहज रूपमा चलाउन सक्ने,<br>-नेपाली र अङ्ग्रेजी दुवै भाषामा बोल्न तथा प्रतिबेदन तयार गर्न सक्ने ।<br>(स्थानीय तथा प्रदेश सरकारसँग निकटतम् समन्वय र सहकार्यमा सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेको तथा स्थानियलाई लाई प्राथमिकता दिईनेछ) |
| २ | ०२-०८१/०८२ | आप्रवासी स्रोत केन्द्र सूचना परामर्शकर्ता (सहायक स्तर पाँचौ) | १ जना | -न्यूनतम +२ वा सो सरह उत्तिर्ण गरी कम्तीमा १ वर्ष सामाजिक परिचालनको क्षेत्रमा कार्य अनुभव भएको हुनुपर्नेछ ।<br>-कम्युटर सम्बन्धी ज्ञान अनिवार्य हुनुपर्नेछ ।<br>(सुरक्षित वैदेशिक रोजगार सूचना परामर्श तथा न्यायमा पहुँचको क्षेत्रमा काम गरेको अनुभव भएको तथा स्थानियलाई प्राथमिकता दिइनेछ ।) |
| ३ | ०३-०८१/०८२ | मनोसामाजिक परामर्शकर्ता (सहायक स्तर पाँचौ) | १ जना | -राष्ट्रिय स्वास्थ्य तालीम केन्द्रले विकास गरेको तथा स्वास्थ्य मन्त्रालयले स्वीकृत गरेको तालीम पाठ्यक्रमले तोकेको योग्यता भएको हुनु पर्नेछ । जुन निम्नानुसार छः<br>मान्यताप्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट, स्टाफ नर्स वा मान्यता प्राप्त विश्वद्यालयबाट पब्लिक हेल्थ, मनोविज्ञान, समाजशास्त्र, सोसिएल वर्कमा स्नातक तह, बि.एड.स्वास्थ्य शिक्षा, पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरी मनोसामाजिक परामर्श सम्बन्धी तालीम प्राप्त कम्तीमा १ वर्ष अनुभव भएको<br>(सोही क्षेत्रमा अनुभवी र महिला तथा स्थानियलाई विशेष प्राथमिकता दिईनेछ ।) |
| ४ | ०४-०८१/०८२ | वित्तीय साक्षरता सहजकर्ता (सहायक स्तर पाँचौ) | १ जना | -कम्तिमा प्रविणता प्रमाण पत्र तह वा बाह्र कक्षा उतिर्ण गरेको<br>-वित्तीय साक्षरता वा प्रौढ / वयस्क साक्षरता वा अध्यापनको क्षेत्रमा कम्तिमा १ वर्ष अनुभव भएको ।<br>-वित्तीय साक्षरता वा प्रौढ / वयस्क साक्षरता वा अध्यापनको क्षेत्रमा कम्तिमा १ वर्ष अनुभव भएको ।<br>(वित्तीय साक्षरता कक्षा सञ्चालन वा साक्षरता कक्षा सञ्चालन वा समुदायमा सामाजिक परिचालक वा सहजकर्ता भई काम गरेको साथै प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी डिप्लोमा कोर्ष उत्तिर्ण गरेका तथा स्थानियलाई प्राथमिकता दिइने ।) |

१. छनौटको किसिमः योग्यताक्रम, लिखित र अन्तवार्ता ।
२. परिक्षा दस्तुर : छैठौ तहको लागि रु १,००० र पाँचौ तहको लागि रु ५०० यस कार्यालयको राष्ट्रिय वाणिज्य वैकको खाता नं ३०२०१००३०१०१०००२ जम्मा गरि राजश्व शिर्षक १४२२४ मा दाखिला गर्नुपर्नेछ ।
३. तलव तथा सुविधाः सम्बन्धित कार्यक्रमको मापदण्ड र मार्गदर्शनले तोकेबमोजिम ।
४. उमेरः २०८१/०५/३१ गतेसम्म वि. न ०१-०८१/०८२ को लागि न्युनतम २१ वर्ष र अन्यको हकमा १८ वर्ष पुरा गरि ३५ वर्ष (महिला ४० वर्ष) ननाघेको ।
५. आवश्यक कागजातहरुः माथि उल्लेखित योग्यता पुगेका इच्छुक नागरिकहरुले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, अनुभवको प्रमाणपत्रको प्रतिलिपि, व्यक्तिगत विवरण तथा शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी, पासपोर्ट साईजको दुई प्रति फोटो र राजश्व तिरेको रसिदको साथमा तोकिएको ढाँचामा निवेदन सहित यस कार्यालयमा पेश गर्नुपर्नेछ ।
६. छनौट प्रक्रिया : प्रारम्भिक छनौटमा परेका उम्मेद्वारहरुलाई मात्र लिखित र अन्तरवार्तामा समावेश गरिनेछ ।
७. दरखास्त दिने अन्तिम मिति : २०८१/०५/३१ गते कार्यालय समय भित्र बुझाउनुपर्नेछ ।
८. आवेदन फारम र पाठ्यक्रमको लागिः पालिकाको वेभसाइट www.pokharamun.gov.np वा नगरकार्यपालिकाको कार्यालय, न्युरोड । (कर्मचारी छनौट सम्बन्धी अन्य व्यवस्था कार्यलयको नियम बमोजिम हुनेछ र कार्यलयको निर्णय नै अन्तिम हुनेछ ।)
९. थप जानकारीको लागिः कार्यालयको कोठा न २१३ वा ०६१-५९१२१३ वा esc.pokharamun@gmail.com मा सम्पर्क गर्न सक्नुहुनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

# हेभी इक्युपमेन्ट अपरेटर संघ कास्कीमा गौतम र गण्डकीमा थापा

**पोखरापत्र संवाददाता**
पोखरा, १६ भदौं

नेपाल हेभी इक्युपमेन्ट अपरेटर संघ कास्कीको अध्यक्षमा किशोरप्रसाद गौतम सर्वसम्मत चयन हुनुभएको छ ।

संघको शनिबार सम्पन्न सातौँ साधारणसभा तथा चौथो अधिवेशनले गौतमको अध्यक्षतामा आगामी दुई वर्षका लागि नयाँ नेतृत्व चयन गरेको हो। संघको उपाध्यक्षमा श्याम सुवेदी, सचिव कृष्ण पौडेल, सहसचिव अर्जुन अधिकारी र कोषाध्यक्षमा अनन्तराज पौडेल चयन हुनुभयो । यसैगरी सदस्यहरुमा सुवास पौडेल, विशाल पौडेल, नवराज अधिकारी र रोहन गौतम निर्वाचित हुनुभएको निर्वाचन समितिका संयोजक भीमसेनक्षेत्रीलेजानकारीदिनुभयो। यसैगरी गण्डकी प्रदेशस्तरीय हेभी इक्युपमेन्ट अपरेटर संघको प्रथम भेलाले प्रेमबहादुर थापा(कास्की) लाई अध्यक्षमा चयन गरेको छ । नवगठित संघको प्रदेश समितिको उपाध्यक्षमा गणेशबहादुर क्षेत्री(बाग्लुङ),महासचिव देवेन्द्र



चोखाल(म्याग्दी) र कोषाध्यक्ष गुरुप्रसाद धमला(कास्की) चयन हुनुभयो । यसैगरी सदस्यहरुमा अवतार शर्मा(म्याग्दी),कुमार श्रेष्ठ(गोरखा), सुवोध गौचन( मुस्ताङ), हरिप्रसाद भुसाल( पर्वत), सन्दीप पौडेल(पर्वत) चयन हुनुभयो । प्रदेश समितिको विशेष सल्लाहाकारमा श्यामनन्द शर्मा र सुशील कुमार वाग्ले शर्मा चयन हुनुभएको निर्वाचन समितिले जनाएको छ । यसअघि अधिवेशन तथा भेलाको उद्घाटन गर्दै कार्यक्रमका प्रमुख अतिथि नेपाल निर्माण व्यवसायी महासंघ गण्डकीका अध्यक्ष टंकराज बरालले निर्माण व्यवसायी र अपरेटहरुको सम्बन्ध नङ र मासुको जत्तिको रहेको चर्चा गर्नुभयो । अपरेटरहरुका समस्या समाधानका लागि संघ प्रतिवद्ध रहेको बरालले बताउनुभयो । "निर्माण व्यवसायी र अपरेट फरक हुन् भन्ने सोच्नु आवश्यक छैन । व्यवसायी र अपरेटर सँगै हिँड्ने छौँ ।" बरालले भन्नुभयो । नेपाल निर्माण व्यवसायी संघ कास्कीका वरिष्ठ उपाध्यक्ष प्रेम पहारीले अपरेटहरुले व्यवसायीबाटपाउनुपर्नेपारिश्रमिक लगायतका समस्या भए संघमा जानकारी गराउन आग्रह गर्दै संघले २४ घण्टाभित्रमा समाधान गर्ने प्रतिवद्धता जनाउनुभयो । नेपाल हेभी इक्युपमेन्ट अपरेटर संघ कास्कीका अध्यक्ष प्रेमबहादुर थापाको अध्यक्षतामा भएको उद्घाटन समारोहमा संघका पूर्व अध्यक्ष एवं भेलाका संयोजक सुशील वाग्ले, नेपाल हेभी इक्युपमेन्ट व्यवसायी संघ कास्कीका सचिव भीम केसी, अटोवेज प्रालिका प्रेमराज पौडेल, कुश्मा नगरपालिका-१२ का वडाध्यक्ष झलकप्रसाद रिमाल, अपरेटर संघ स्याङ्जाका अध्यक्ष म्याग्दी अध्यक्ष देवेन्द्र चोखाल, बाग्लुङका अध्यक्ष गणेश श्रेष्ठ, संघ कास्कीका सचिव किशोरप्रसाद गौतम, संघका सदस्य एवं कार्यक्रम संयोजक कृष्णप्रसाद पौडेल, संस्थाका पूर्वउपाध्यक्ष एवं संघ कास्कीका सदस्य उमानाथ आचार्य लगायतले मन्तव्य व्यक्त गर्नुभएको थियो । साधारणसभाका अवसरमा संघलाई सहयोग गर्ने सहयोगदाता तथा आजीवन सदस्यहरुलाई सम्मानपत्रबाट सम्मानित गरिएको थियो ।

# नेपाली क्रिकेट टोली श्रीलङ्का प्रस्थान

**रासस**
काठमाडौं, १६ भदौं

आइसिसी विश्वकप लिग-२ को तयारीको लागि नेपाली राष्ट्रिय क्रिकेट टोली आइतबार श्रीलङ्का प्रस्थान गरेको छ। भारतको नेसनल क्रिकेट एकेडेमी बेङ्गलोरमा दुई साता अभ्यास गरेर स्वदेश फर्किको टोली आइतबार श्रीलङ्का प्रस्थान गरेको हो। नेपाली टोलीले श्रीलङ्काको डेभ्लपमेन्ट टोलीसँग तीन एकदिवसीय खेल खेल्ने नेपाल क्रिकेट सङ्घ (क्यान)ले जनाएको छ । क्यानकानुसार नेपालले यही भदौ १८, २० र २२ गते अभ्यास खेल खेल्ने तय भएको छ। टोलीमा कप्तान रोहितकुमार पौडेलसहित दीपेन्द्रसिंह ऐरी, सन्दीप लामिछाने आसिफ शेख, अनिल शाह, देव खनाल, भीम सार्की र आरिफ शेख छन् ।

# अचल सम्पति (धितो लिलाम) बढाबढ गर्ने बारे १५ दिने (दोस्रो पटक) अत्यान्त जरूरी सूचना

**प्रकाशित मिति : २०८१/०५/१७ गते**

यस कदम बचत ऋण सहकारी संस्था लि.बाट तपशिलका शेयर सदस्यले अचल सम्पति धितो सुरक्षण राखी ऋण लिनुभएकोमा उक्त ऋण रकम नियमित रुपमा संस्थालाई तिर्न बुझाउनपर्ने साँवा, एव अन्य दै-दस्तुर समयभित्र नतिरी, नबुझाई यस सहकारी संस्थासँग गर्नु भएको शर्त सम्झौता उल्लङ्घन गरी बस्नुभएको र पटक-पटक मौखिक तथा लिखित जानकारी गराउदाँ समेत ऋण चुक्ता गर्न कुनै चासो नदेखाई आफुले बुझाउनुपर्ने रकम नबुझाई बसेको तथा यस अघि पोखरापत्र राष्ट्रिय दैनिकमा मिति २०८०/११/१० र २०८१/१२/२० र २०८१/०१/०७ गते क्रमशः३५ दिने १५ र ७ दिने कर्जा चुक्ता गर्ने बारेको अत्यन्त जरुरी सूचना प्रकाशित गरी सम्पूर्ण साँवा, ब्याजका साथै अन्य दै-दस्तुर चुक्ता गर्न अनुरोध गर्दा समेत आजका मितिसम्म उक्त ऋण चुक्ता नगर्नु भएकोले यस संस्थाको मिति २०८१/०५/१४ गते बसेको संचालक समितिको बैठकबाट निज ऋणले सुरक्षण स्वरूप धितो राख्नुभएको सम्पति लिलाम बिक्री गरी ऋण असुलउपर गर्ने निर्णय गरिए मुताविक सम्बन्धित ऋण तथा धन जवानी कर्ता एवं उक्त सम्पति लिलाम बढाबढ गरी लिन ईच्छुक महानुभावहरुका लागि सो सम्पति हाल जे जस्तो अबस्थामा रहेकोछ सोहि अबस्थामा लिलाम बिक्री गर्न मिति २०८०/०३/२७ गते पोखरापत्र राष्ट्रिय दैनिकमा ३५ दिने अचल सम्पति (धितो लिलाम) बढाबढको सूचना प्रकाशित गर्दा समेत कुनै शिलबन्दी बोलपत्र नपरेको हुदाँ पुन यो १५ दिने (दोस्रो पटक) सार्वजनिक सूचना प्रकाशित गरिएको छ। उक्त सम्पति लिलाम बिक्री गर्दा यस संस्थाबाट गरिएको मूल्याङ्कन रकम भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री गर्यो भनी ऋणीले कहिँ कतै उजुर वाजुर गर्न पाउनुहुने छैन। सुरक्षणमा रहेको उक्त सम्पति लिलाम बिक्री गर्दा पनि संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा सहकारी ऐन २०७४, नेयमावली २०७५ र संस्थाको नीति नियम एवम् बिनियमावली तथा प्रचलित नेपाल कानून बमोजिम स्वयं र ब्यक्तिगत धनजमानी कर्ताहरुको अन्य चल अचल सम्पत्ति समेतबाट धितोले नखामेको बक्यौता ऋण रकम असुल उपर गरिनेछ।

तपशिल

| क्र.सं. | ऋणी सदस्यको विवरण | फोटो | धितो रहेको सम्पति विवरण | रकम |
|---|---|---|---|---|
| १. | नाम : सिल कुमारी गुरुङ<br>बाबुको नाम : जित बहादुर गुरुङ<br>बाजेको नाम : पुल्लिमान गुरुङ<br>नागरिकता नं.: २१७६<br>जारि मिति : २०४५/०१/१७ (लमजुङ) |  | जिल्ला : कास्की<br>छिनेडाडा पोखरा<br>म न प-१४<br>क्षेत्रफलः १५६.९८ बर्ग मिटर | ६५,९४,५००।-<br>(अक्षेरुपी पैसठ्ठी लाख चौरानब्बे हजार पाँच सय)<br>लिलाम हुनु भन्दा अगाडिसम्मको |
| २. | धनजमानी सदस्यको विवरण | | धनजमानी सदस्यको विवरण | |
| | नाम : मोहन गुरुङ<br>ठेगाना : पोखरा-१०<br>नागिरता नं. : १०९४४३<br>जारी मिति : २०५७/०७/०६<br>जारी जिल्ला : कास्की<br>वुवाको नाम : पेजबहादुर गुरुङ<br>सम्पर्क नं. :९८४६७९५५१० | | नाम : माया गुरुङ<br>ठेगाना : हलेसी तुवाचुङ<br>नागिरता नं.: १२-०१-७२-०००0८<br>जारी मिति : २०७२/०१/०२<br>जारी जिल्ला : खोटाङ<br>वुवाको नामः रसबहादुर तामाङ<br>सम्पर्क नं.: ९८२७१५८०२१ | |

१) शिलबन्दी बोलपत्र यो सूचनामा तोकिए बमोजिमको मिति, स्थान र समयमा प्राप्त भइसक्नु पर्नेछ र म्याद नाघी वा रित नपुगी आएको तथा शर्त सहितको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
२) गोप्य शिलबन्दी पत्र प्रतिबद्धता पत्र बुझाउने अन्तिम दिन वा बोलपत्र खोलिने दिन बिदा परेमा सो पछि लगत्तै संस्था खुलेको पहिलो दिन उक्त कार्यहरू गर्न सकिनेछ।
३) बोलपत्रमा उक्त सम्पत्ति आँफूले सकार गरिलिन चाहेको रकम अंक र अक्षरमा स्पष्ट रूपले लेखिएको हुनुपर्नेछ।
४) गोप्य शिलबन्दी बोलपत्रमा आँफूले कबोल गरेको अन्तिम रकम परेमा सो मूल्यको १० प्रतिशतले हुन आउने धरौटी रकम वस संस्थाको नाममा खिचिएको ड्राफ्ट वा नगद जम्मा गरिएको भौचर डाँक बोलपत्र फारम साथ संलग्न गरी पेश गर्नु पर्नेछ।
५) बोलपत्र स्वीकृत भएमा संस्थाको नियमानुसार बाँकी सम्पूर्ण रकम बुझाई उक्त सम्पत्ति आफ्नो नाममा नामसारी गर्ने प्रकृया अगाडि बढाउनु पर्नेछ। उक्त बाँकी रकम १५ (पन्ध्र) दिन भित्र नबुझाएमा धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतःजफत हुनेछ।
६) धितो लिलाम प्रक्रिया रद्ध गर्ने, डाँक बाब स्वीकृत गर्ने वा नगर्ने, आन्तरिक सहमती गर्ने वा नगर्ने आदि जस्ता कुराहरुको सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ।
७) इच्छुक खरिदकर्ताले खरिद गर्न चाहेको उक्क सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा खरिद गर्नु पर्नेछ। सो धितो सम्बन्धमा अन्य कुरा हेर्न बुइन र स्थलगत निरीक्षण गर्न चाहनुहुने महानुभावहरूले यस संस्थामा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नुहुनेछ।
८) सहकारी ऐन २०७४ को परिच्छेद १४ को दफा ७९ को उपदफा (६) अनुसार उक्त सम्पतिको लिलाम बिक्री कसैले नसकारेमा या गोप्य शिलबन्दी पत्र बोलकबोल गरेको रकम संस्थालाई चित्तबुझ्दो नभएमा प्रचलित सहकारी ऐन, नियमावली, बाजूर तथा संस्थाको आफ्नै बिनियमावली अनुसार उक्त सम्पत्ति संस्था आफैले सकार गरी स्वामित्व ग्रहण गर्न सक्नेछ।
९) उक्त सम्पत्तिको स्वामित्व बोलपत्र कवोल गर्नेलाई हस्तान्तरण गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, रजिष्ट्रेशन शुल्क सम्पति कर, स्थानिय कर आदि जस्ता कुराहरूको सम्पूर्ण दायित्व धितो सकार गर्ने व्यक्ति वा पार्टी आफैले ब्यहोर्नु पर्नेछ।
१०) सुरक्षण रहेको उक्त सम्पत्ति लिइसकेपछि सोको सम्पूर्ण जवाफदेहीता खरिदकर्ता स्वयंको हुनेछ। धनी संस्थासँग पछि कुनै कैफियत देखाउन वा दाबी गर्न पाईने छैन।
११) गोप्य शिलबन्दी पत्र बोलकबोल गरेको रकम वा घरौटी बापत बुझाएको रकममा कुनै ब्याज प्रदान गरिने छैन। साथै लिलाम सदर वा कदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न पाइने छैन।
१२) शिलबन्दी बोलपत्र यस संस्थाले उपलब्ध गराए बमोजिमको ढाँचामा पेश गर्नु पर्नेछ र सोका शर्तहरू बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछन्। बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछन्।

| **बोलपत्र पेश गर्ने:** | **बोलपत्र खोल्ने:** |
|---|---|
| **मिति:** २०८१/०५/२७ देखि २०८१/०५/३१ सम्म<br>**समय:** बिहान १०.०० बजेदेखि ३.०० सम्म<br>**स्थान:** संस्थाको कार्यालय, पोखरा १४, कदममार्ग | **मिति:** २०८१/०६/०१ गते<br>**समय:** दिनको २.०० बजे<br>**स्थान:** संस्थाको कार्यालय, पोखरा १४, कदम मार्ग |

**कदम बचत तथा ऋण सहकारी संस्था लि.**
**पोखरा-१४, कदम मार्ग, कास्की**
**फोन नं. ०६१-५९०२५६**

# वडा १३ को तीज प्रतियोगितामा प्रथम वातावरण आमा समुह

**पोखरापत्र संवाददाता**
पोखरा, १६ भदौं

पोखरा महानगरपालिका वडा नं १३को आयोजनामा भएको खुल्ला तीज गीत प्रतियोगितामा वातावरण आमा समुह प्रथम भएको छ।

शनिवार भएको प्रतियोगितमा दुई वर्ष पहिला उत्कृष्ट नुत्य तर्फ विजयी भएको महिला तथा बाल कल्याण कुञ्ज दोस्रो, कमल जैशी आमा समुह हेम्जा तेस्रो, बाँझापाटन मिलन आमा समुह र आर्वा दिदी वहिनी समुह चौथो भएका छन्। प्रतियोगितामा पहिलो, दोस्रो, तेस्रो र चौथो हुनेलाई क्रमश ३० हजार , २० हजार, १० हजार र चाथौ दुई जनालाई पाँच पाँच हजार साथमा प्रमाणपत्र प्रदान गरिएको छ । त्यसैगरी प्रतियोगितामा उत्कृष्ट नृत्य तर्फ काहुँखोला टोल विकास संस्था र उत्कृष्ट भेषभुषा तर्फ जागरण



आमा समुहलाई नगद तीन तीन हजार र प्रमाण पत्र प्रदान गरिएको छ।

कलाकार गौरी मल्लले व्यानर पढेर कार्यक्रम उद्घाटन गर्नु भएको थियो। कलाकार मल्लले संस्कृती संरक्षण संगै सरल तरिकावाट मनाउन अनुरोध गर्नुभयो। तीजमा दर खाने कार्यक्रम पनि दर खाने दिन नै गर्न मल्लले अनुरोध गर्नुभयो । तीज गीत प्रतियोगिता गर्नालेवडावासीमासंस्कारसंस्कृतीको संरक्षणमा ठूलो सहयोग पुगेको वडा अध्यक्ष किरण वरालले भन्नुभयो । यस्ता प्रतियोगिताले समाजमा जनचेतना र जागरण फैलाउन ठूलो सहयोग पुग्ने अध्यक्ष वरालले चर्चा गर्नुभयो । नेपाल पत्रकार महासंघ कास्की शाखाकी अध्यक्ष बिमला भण्डारीले महिला पनि हरेक कार्यमा अग्रपंतिमा रहेको चर्चा गर्दै कलाकार गौरी मल्ललाई देखाउँदै आज तीज कार्यक्रममा मल्लको उपस्थितिले सबैलाई उर्जा थपेको भन्नुभयो। प्रतियोगिताको निर्णायक मण्डलको संयोजकमा अमर धिताल, सरस्वती परियार र केशव देवकोटा रहेका थिए। वडा सदस्य तथा कार्यक्रम संयोजक सुचित तामाङले उपस्थित सबैलाई स्वागत गर्दै जनता हल्लाहको भरमा पछि नलागि आफ्नो धर्म संस्कृतिलाई जोगाएर अगाडि बढ्नु पर्ने धारणा राख्नु भयो । आगमी २०८४ मा हुने वडाको चुनावमा अध्यक्षको कुर्चिमा महिला आउने दावी गर्नुभयो । दुई सत्रवाट गरिएको कार्यक्रमको पहिलो शत्रमा अस्मिता वराल र दोस्रो सत्रमा वडा सदस्य रजनी परियार र समाजसेवी रामकुमारी पौडेलले संचालन गर्नुभएको थियो । कार्यक्रममा पुरस्कृत सवैलाइ वडा न १३ का समाजसेवी द्धय माधव सिग्देल र रवि वरालले पनि प्रमाणपत्र वितरण गर्नुभएको थियो।

# टेवानले तीज सांस्कृतिक महोत्सव गर्ने

**पोखरापत्र संवाददाता**
पोखरा, १६ भदौं

पर्यटन व्यवसायी महिला संघ नेपाल (टेवान) आयोजनामा पोखरामा 'तीज सांस्कृतिक महोत्सव-२०८१' हुने भएको छ।

'दिगो पर्यटनका लागि समान सहभागिता' मूल नार ासहित महिलाहरुको महान् पर्व हरितालिका तीज अवसरमा टेवानले दोस्रो संस्करणको रुपमा उक्त महोत्सव आयोजना गर्न लागेको हो।

आइतबार पत्रकार सम्मेलनमा टेवान अध्यक्ष कमला गिरीले नेपालको संस्कार, संस्कृति, कला, धर्म कसरी पर्यटनमा जोड्न सकिन्छ भन्ने उद्देश्यले गत वर्षदेखि तीज सांस्कृतिक महोत्सव आयोजना गरेकोमा यसपालि पनि निरन्तरता दिइएको बताइन् । उनका अनुसार यही भदौ २१ र २२ गते लेकसाइडको वाराहीघाटमा उक्त महोत्सव हुनेछ। सो अवसरमा सांस्कृतिक तीज गीत प्रतियोगिता, खेलकुदका कार्यक्रम, बहस लगायत कार्यक्रम हुने छन्। महोत्सवको पहिलो दिन तीज पर्व नै भएकाले बिहान १०




बजे वाराहीचोकदेखि सांस्कृतिक झाँकीसहितको र्‍याली हुनेछ । वाराहीघाटस्थित नेपाल ट्रष्टको चौरमा बिहान ११ बजे औपचारिक उद्घाटन हुनेछ। साथै, सांस्कृतिक कार्यक्रम एवं तीज गीत प्रतियोगिता सुरु हुनेछ। दोस्रो दिन बिहानैदेखि खेलकुदका कार्यक्रम हुनेछन् । त्यसपछि तीज सन्दर्भमा महिला सशक्तीकरण, पर्यटन तथा संस्कृति विषयमा प्यानल डिस्कसन हुनेछ । संस्कृतिकर्मी तीर्थ श्रेष्ठ, राप्रपानेतृ खुश्वु ओली र डा.राजुराज अधिकारी वक्ता रहनेछन् । सहजीकरण पत्रकार दुर्गा अधिकारीले गर्ने छिन्।

कार्यक्रम संयोजक शान्ता तिमिल्सिनाले तीज गीत प्रतियोगिताका लागि हालसम्म १६ टिमले दर्ता गरिसकेको र महोत्सव सुरु हुँदासम्म करिब ३० टिम पुग्न सक्ने बताइन् । ' पर्यटन प्रवर्द्धनसम्बन्धी र महिला उद्यमशीलता विषयमा प्रतियोगीले तीज गीत प्रस्तुत गर्नुपर्नेछ । प्रथमले ३० हजार, दोस्रोले ३० हजार, तेस्रोले १५ हजार सान्त्वना १० टिमलाई ५/५ हजार पुरस्कार र प्रमाणपत्र प्रदान गरिनेछ। उत्कृष्ट नृत्य र भेषभूषासहित झाँकी प्रदर्शन गर्नेलाई पनि पुरस्कारको व्यवस्था छ। एउटा टिममा बढीमा ७ जनासम्म कलाकार हुनुपर्नेछ । ७ मिनेटमा गाएर सक्नुपर्नेछ।

अग्रज पर्यटन व्यवसायी गणेशबहादुर भट्टराईले पोखरालाई पर्यटनको राजधानी घोषणा गरेरमात्र नहुने सरकारले आवश्यक कार्ययोजना ल्याउनुपर्नेमा जोड दिए । उनले पोखराको पर्यटन प्रवर्द्धनमा टेवानले विविध कार्यक्रम गर्दै आएकोमा यो महोत्सवले पनि पर्यटन प्रवर्द्धनमा सघाउ पुग्ने विश्वास लिए।

संस्थाका सल्लाहकार बोबरजंग गुरुङले अचेल पदयात्रा मासिदै गएकोमा चिन्ता व्यक्त गरे । उनले पर्यटन प्रवर्द्धनमा यसखालका मेला महोत्सवले सघाउ पुग्ने बताए । संस्थाका निवर्तमान अध्यक्ष रेणु थापाले महोत्सव सफल पार्न हरेक निकायबाट सहयोगको अपेक्षा गरिन् । टेवान अध्यक्ष कमला गिरीको अध्यक्षतामा भएको पत्रकार सम्मेलनमा स्वागत उपाध्यक्ष प्रभा सुवेदी र सञ्चालन महासचिव अनिता खड्का भट्टराईले गरेकी थिइन्। पोखराका पर्यटन व्यवसायी महिलाहरुको सक्रियतामा २०७४ सालमा टेवान स्थापना भएको सचिव शोभा अधिकारी पौडेलले बताइन्।